# कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

# शिक्षा, युवा तथा खेलकुद शाखा

कोहलपुर, बाँके, लुम्बिनी प्रदेश, नेपाल

स्थापना : २०७३

पत्र संख्या : ०७९/०८०

मिति : २०७९/११/०४

चलानी नं. : 286

विषय : सूचना प्रविधियुक्त शिक्षकसँग मेयर कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा।

श्री यस नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयका शिक्षकहरु,

कोहलपुर, बाँके।

प्रस्तुत विषयमा कोहलपुर नगरपालिकाको आ. व. २०७९/०८० का लागि शिक्षातर्फ निशर्त अनुदान अन्तरगत **'सूचना प्रविधियुक्त शिक्षकसँग मेयर'** कार्यक्रम अन्तरगत शिक्षकको पचास प्रतिशत लागत साझेदारीमा ल्यापटप खरिद तथा वितरण गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुले **मिति २०७९/११/१९ गते** कार्यालय समयभित्र तपसिलको शर्त बमोजिम शिक्षा शाखामा निर्धारित ढाँचामा निवेदन पेश गर्न सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल : शर्तहरु :-**

क) साझेदार वा लाभग्राही शिक्षक कोहलपुर नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षक हुनु पर्नेछ।

ख) लाभग्राही शिक्षक कम्तिमा दुई वर्षदेखि कार्यरत रहेको र कम्तिमा पनि ५ वर्ष सेवा अवधि बाँकी रहेको हुनु पर्नेछ।

ग) लाभग्राही शिक्षक सूचना तथा संचार प्रविधि तालिम वा कम्प्युटर तालिम लिएको भएमा प्राथमिकतामा राखिनेछ।

घ) ल्यापटप बुझिसकेपछि कार्यान्वयनका सिलसिलामा कुनै खराबी आएमा कम्पनीको शर्त बमोजिमको ग्यारेन्टी/वारेन्टी बाहेकको मर्मत सम्भारको खर्च सम्बन्धित साझेदार शिक्षकले नै व्यहोर्नु पर्नेछ।

ङ) लागत साझेदारीमा खरिद गरिएका ल्यापटपको स्वामित्व खरिद गरेको तीन वर्षसम्म नगरपालिकामा नै रहनेछ।

च) इ-टेन्डर मार्फत कबोल भएको प्रति इकाइ लागत बराबरको पचास प्रतिशत रकम बुझाएको सक्कल भौचर सम्बन्धित शिक्षकले खरिद गर्नुपूर्व शिक्षा शाखामा पेश गर्नु पर्नेछ।

छ) वितरण सम्बन्धी कार्य व्यवस्था 'सूचना प्रविधियुक्त शिक्षकसँग मेयर कार्यक्रम अन्तरगत ल्यापटप खरिद कार्यविधि - २०७८' बमोजिम हुनेछ।

**निवेदनको साथमा पेश गर्नु पर्ने आवश्यक कागजातहरु :-**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि
- ICT वा कम्प्युटर सम्बन्धी तालिम लिएको भए सम्बन्धित कोर्सको प्रमाणपत्रको प्रतिलिपि
- विद्यालयको सिफारिस पत्र

065/11/04

रामबहादुर हमाल

उपसचिव

रामबहादुर हमाल
उप सचिव

बोधार्थ : श्री सूचना तथा संचार प्रविधि शाखा, कोहलपुर नगरपालिका (सूचना वेवसाइटमा राखिदिनको लागि)

अनुसूची १ : दफा (५) सँग सम्बन्धित निवेदनको ढाँचा

मिति : ........................

श्रीमान प्रमुखज्यू

शिक्षा, युवा तथा खेलकुद शाखा, कोहलपुर - बाँके ।

विषय : ल्यापटप खरिदमा साझेदारी सम्बन्धमा ।

प्रस्तुत विषयमा कोहलपुर नगरपालिकाको आ. व. २०७९/०८० को शिक्षातर्फको स्वीकृत कार्यक्रम अन्तरगत "सूचना तथा संचार प्रविधिसँग मेयर" कार्यक्रम अन्तरगत लागत साझेदारीमा ल्यापटप खरिद गरी विद्यार्थीको सिकाइ उपलब्धी वृद्धि गर्न शिक्षण सिकाइ सहजीकरणमा टेवा पुग्ने गरी उपयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दै सो अनुसारको ल्यापटप खरिद गर्न इच्छुक भएकाले तोकिएका कागजातहरु सहित यो निवेदन पेश गरेको छु ।

निवेदक शिक्षकको हस्ताक्षर

निवेदक शिक्षकको व्यक्तिगत विवरण :-

| | | | |
|---|---|---|---|
| शिक्षकको नाम, थर : | | संकेत नम्बर : | |
| नागरिक लगानी कोष नम्बर : | | बिमालेख नम्बर : | |
| स्थायी ठेगाना : प्रदेश : | जिल्ला : | स्थानीय तह : | वडा नं. : |
| हालको ठेगाना : प्रदेश : | जिल्ला : | स्थानीय तह : | वडा नं. : |
| बुवाको नाम : | | शैक्षिक योग्यता : | |
| जन्म मिति : | | मोबाइल नम्बर : | |
| शिक्षकको नियुक्ति मिति : | | अनिवार्य अवकाश हुने मिति : | |
| नियुक्ति लिएको तह र श्रेणी : | | नियुक्तिको किसिम : | |
| कार्यरत विद्यालयको नाम : | | विद्यालयको IEMIS कोड : | |
| विद्यालयको ठेगाना : | | सम्पर्क नम्बर : | |

**संलग्न गर्नु पर्ने कागजातहरु :**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि
- ICT वा कम्प्युटर सम्बन्धी तालिम लिएको भए सम्बन्धित कोर्सको प्रमाणपत्रको प्रतिलिपि
- विद्यालयको सिफारिस पत्र
- रकम जम्मा गरेको सक्कल भौचर

रामबहादुर हमाल
उप सचिव